शर्तहरु

१। बोलपत्र फाराम यस न.पा बाट पछि फिर्ता नहुने गरी रु १०००।०० (एक हजार) मा यो सूचना प्रकाशन गरिएको मितिले १५ औं दिन मिति २०७७।०६।१९ गते भित्र यस कार्यालयको राजश्व शाखाबाट खरिद गरि सक्नु पर्नेछ ।

२। यो सूचना प्रकाशित गरेको मितिले १६ औं दिन मिति २०७७।०६।२० गतेको १२:०० बजे भित्र ५% श्री बैंक अफ काठमाण्डौंको जुनसुकै शाखाबाट शंखरापुर नगरपालिकाको खाता नं ०१३२०००००१९४५२४ मा धरौटी रकम दाखिला गरेको सक्कल बैंक भौचर राखी सिलबन्दी दरभाउ राजश्व शाखामा पेश गर्नुपर्ने छ । अन्यथा कारबाही हुने छैन ।

३। यसरी पर्न आएको शिलबन्दी बोलपत्रहरु १६ औं दिनको १:०० बजे बोलपत्र दाता र कार्यालयको प्रतिनिधिको रोहबरमा खोलिने छ सो समयमा बोलपत्र दाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद , दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनमा सोही सूचनामा उल्लेख भए अनुसार नै उक्त कार्य गरिने छ ।

४। बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक पर्न आएमा अंकको लाई मान्यता दिइने छ ।

५। इच्छुक फर्म तथा कम्पनी यस नगर कार्यापालिकाको कार्यालयमा सूची दर्ता भएको हुनुपर्नेछ ।

६। बोलपत्र स्वीकृत सूचना पाएको मितिले सात ७ दिन भित्र अनिवार्य रुपले व्यक्तीको हकमा दुई प्रति पासपोर्ट साइजको फोटो र नागरिकताको सक्कल सहित प्रतिलिपी र फर्म तथा कम्पनीको हकमा प्यान दर्ता सहित सम्बन्धित कार्यलयमा दर्ता लगायतका सम्पूर्ण कागजात सक्कल सहित सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी ठेक्का नउठाएमा धरौटी रकम जफत गरीनेछ र दोस्रो बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने नगर्ने सम्पूर्ण अधिकार नगर कार्यापालिकामा सुनिश्चत रहहने छ ।

७। रीत नपुगेको, म्याद नाघी वा शर्त राखी वा नपुगी पेश भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८। नगदी रसिद टेण्डर सम्झौता हुने व्यक्ति, फर्म तथा कम्पनीले छपाई गर्नु पर्ने छ ।

९। अन्य व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३